नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ | अंक ४० | २०८१ साल भदौं १८ गते मंगलबार (3 Sep. 2024 Tuesday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : समाचारको 'डेडलाइन' अन्त्य... ३ पृष्ठमा : अपदस्थ बंगलादेशी नेता ... ३ पृष्ठमाबंगलादेशमा बाढीले ५९ जनोका..

# चोरी शिकारीका आरोपितलाई पुनः पक्राउ गरी अनुसन्धान सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौ ।**

अबैध चोरी सिकारी प्रकरणमा मुछिएकाहरुलाई नियन्त्रणमा राखी डिभीजन बन कार्यालय सप्तरीले अनुसन्धान सुरु गरेको छ ।

सहायक वन अधिकृत सचिन्द्र यादवलाई अनुसन्धान अधिकृत नै तोकेर सोमवारदेखी पक्राउ परेकाहरु उपर बन्यजन्तु संरक्षण ऐन बमोजिम अनुसन्धान सुरु गरिएको डिभिजन बन कार्यालय सप्तरीका प्रमुख सुभाष चन्द्र दासले जानकारी दिए । घट्ना अनुसन्धान गर्न गठित दुई सदस्यीय अनुसन्धान टोलीमा रेन्जर संतोष यादव सदस्य छन ।

अबैध चोरी सिकारी गरी एक बदेल मारेको आरोपमा पक्राउ परेकाहरुलाई सव डिभीजन बन कार्यालय कंचनपुरको हिरासतका राखी अनुसन्धन गर्न सोमवार नै १० दिनको अनुमती म्याद समेत प्रदान गरिएको उनले जानकारी दिए ।

अनुसन्धान अधिकृत यादवले आफुहरुले पाएको समय अवधीमा बदेलको पोष्टमार्टम रिपोट, चोरी



सिकारीमा संलग्न भनिएका ब्यक्तीहरुसंगको बयान, घटनास्थलको निरीक्षण, प्रकृति र अवस्था लगायतका विषयमा अध्यन अनुसन्धान गरी सम्बन्धित निकायमा प्रतिवेदन र मुद्दा प्रस्तुत गर्ने जानकारी दिए ।

यस अघि अबैध चोरी सिकारीमा संलग्न भएको आरोपमा पक्राउ परेर चार दिन अघि जिम्मा जमानीमा छाडिएका पुर्व डिआईजी ज्ञान विक्रम शाह, बहालवाला नेपाल प्रहरीका सइ संजय न्यौपाने सहित प्रहरीले ९ जनालाई फेरी पक्राउ गरी अघिल्लो दिन आईतवार बन कार्यालयलाई बुझाएको थियो ।

त्यस पछी बन कार्यालयले यस अघि पोष्टर्माटम बिनै गाडेको बदेललाई गाडीएको खाल्डोबाट निकालेर अघिल्लो दिन आईतवार पोष्टमार्टमका लागी जिल्ला पशु सेवा कार्यालय राजविराज पुऱ्याएको थियो ।

उक्त घटनामा हनुमाननगर कंकालिनी नगरपालिकाका अकाश यादव, जनार्दन राउत, ओमप्रकाश प्रसैला, लक्ष्मी मण्डल, शंकर यादव, तिरहुत गाउँपालिकाका लक्ष्मण मण्डल, राजविराजका रविन दास र सुनसरीका प्रदिप लिम्बु लगायत १० जनाको संलग्नता रहेको भनिए पनि हाल पुर्व उपसभामुख गंगा प्रसाद यादवको छोरा हनुमाननगर कंकालीनी नगरपालिकाका आकाश यादव भने पक्राउ पर्न नसकेको र खोजी भईरहेको प्रहरीलाई उद्धत गर्दै बन कार्यालयका एक अधिकारीले बताए ।

भदौ १२ गते मध्यरात सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ कोशी पलार क्षेत्रबाट प्रहरीले राइफल, गोली, शिकारमा प्रयोग हुने अन्य सरसमान तथा मारिएको बदेल सहित १० जनालाई पक्राउ गरेको थियो । तर पछि गएर प्रहरीले बदेललाई वेवारीसे अवस्थामा बरामद भएको भन्दै पक्राउ परेका सबैलाई जिम्मा जमानीमा छाडेपछी भीआईपी ब्यक्तीहलाई बचाउन खोजीएको भन्दै चर्को विरोध हुन थालेको थियो ।

# नक्कली नोट छाप्ने विभिन्न सामग्री तथा दुई भारतीय नागरिकसहित आठ जना पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, १७ भदौं ।**

सर्लाही प्रहरीले नक्कली नोट छाप्ने विभिन्न सामग्रीसहित दुई भारतीय नागरिकसहित आठ जनालाई पक्राउ गरेको छ ।

सर्लाहीको गोडैता नगरपालिका १२ मधुवनी टोलमा सिंचाइको लागि गाडिएको बोरिङको खाली रहेको घरको कोठाभित्र नक्कली नोटको कारोबार तथा छपाइसम्बन्धी शंकास्पद गतिविधि भएको सूचनाको आधारमा प्रहरीले छापामारी उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा भारत बिहारका ४९ वर्षीय पप्पु भन्ने राजीव ठाकुर र ४० वर्षीय सुबोध कुमार तथा काठमाडौं चन्द्रागिरी नगरपालिका १५ का २६ वर्षीय सौगात थापा मगर, ४७ वर्षीय विजय लामा, ललितपुर महानगरपालिका कुपोन्डोलका ३३ वर्षीय संजय राना मगर, भक्तपुरको चाँगुनारायणका ३७ वर्षीय अमित खत्री, सर्लाहीको गोडैता नगरपालिका १२ का ३२ वर्षीय जनर्धन सिंह, रौतहटको नराई टोलका ३० वर्षीय विशाल राई छन् ।

पक्राउ परेकाहरुबाट प्रहरीले एक हजारको नोट साइजको कालो रंगको १४ थान कागज, १३ लिटर तरल पदार्थ र ९५ हजार ८५० नेपाली रुपैयाँ बरामद गरेको छ ।

यसैगरी किप्याड दुई थान, मोबाइल १० थान, भारतीय नम्बर प्लोटको एउटा मोटरसाइकल तथा नेपाली नम्बर प्लेटको एउटा स्कारपिओ पनि प्रहरीले बरामद गरेको छ ।

बरामद भएका सामानसहित पक्राउ परेका सबैलाई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख एसपि रविन्द्रकुमार सिंहले बताएका छन् ।

# बीमाको दायरा पाँच लाख कायम गर्न कांग्रेसको माग

काठमाडौं, १७ भदौ (रासस) ।

नेपाली कांग्रेस केन्द्रीय समितिले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अघि सारेको स्वास्थ्य बीमालाई रु पाँच लाख कायम गर्न सरकारसँग माग गरेको छ ।

पार्टी केन्द्रीय सदस्य एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले घोषणा गरेको बीमामा एकद्वार प्रणाली लागू गर्ने र दायरा बढाउने घोषणालाई पार्टी केन्द्रले अपनत्व लिएको हो ।

पार्टी केन्द्रीय समितिको आइतबारको बैठकपछि कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा बीमितको अधिकार सुनिश्चित गर्दै यस क्षेत्रमा देखिएको सबै जटिलतालाई हटाइ सबै नागरिकलाई स्वास्थ्य बीमाप्रति आकर्षित गर्न यस्तो माग गरिएको उल्लेख छ ।

**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण, खोला उत्खनन् र बन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।

**बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

**अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी**

## सम्पादकीय ....

### अतिक्रमण हटाउन पहल होस्

राजविराज नगरपालिका बजार क्षेत्र भित्रको अतिक्रमण कायमै रहेको छ। हुन त पालिकाले अतिक्रमण हटाउन बारम्बार पहल गरेकै हो। तर, पालिकाले गरेको पहलप्रति स्थानीयहरु अटेर गर्दै आइरहेका छन्। पसलहरुको अगाडी तथा छेउछाउ खाली स्थानहरुमा भएका अतिक्रमण हटाउन पटक पटक सूचना मार्फत आग्रह गर्दा पनि अतिक्रमण ज्युँको त्युँ छ। विभिन्न पसलहरुले अगाडी तथा छेउछाउका स्थानलाई मनोमानी ढंगले अतिक्रमण गरेका छन।

यता पेटी अतिक्रमणले नगरपालिकाले बटुवालाई सुरक्षित ढंगबाट हिड्डुल गर्न कठिनाई भइरहेको छ भने पेटी अतिक्रमण र जथाभावी सवारीसाधन पार्किङ्गले सवारी चलाउन पनि समस्याहरु पनि भइरहेको छ। सानो तथा खुद्रा पसल थाप्नु मात्र पेटीको अतिक्रमण होइन जथाभावी पार्किङ्ग गर्नु अथवा स्टेण्ड बनाउने कार्य पनि अतिक्रमण हो। सरसफाई तथा नगर सुन्दर बनाउन बृक्षा रोपन गरे पनि हाल सो सबै मासिएर गएको छ।

नगरपालिकाले विगतमा नगरमा भइरहेको अतिक्रमणप्रति केही प्रयास गरेपनि कडा रुपमा प्रस्तुत हुननसक्दा स्थानीयहरु अटेर भएका छन्। तसर्थ यस्ता विषयप्रति नगरपालिका गम्भिर रुपमा प्रस्तुत भई आवश्यक कदम उठाउन तदारुकता देखाउनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# समाचारको 'डेडलाइन' अन्त्य गर्ने राससको २४ घण्टा सेवा

**सिद्धराज राई**

काठमाडौँ, १७ भदौ (रासस)।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन-२०७९ मा १० दिनसम्म २४ घण्टा सेवा सञ्चालन गरेको थियो। निर्वाचनका परिणाम अपडेट गरी सेवाग्राहीलाई तत्काल जानकारी दिन छोटो समयका सुरु गरेका थियौँ। यतिबेला सेवाग्राहीबाट राम्रो 'रेस्पोन्स' पायौँ। विसं २०८० कात्तिकमा जाजरकोट-रुकुम भुकम्प गयो। यो भूकम्पले धेरै धनजनको क्षति गरेको छ। यो भूकम्पबाट ठूलो क्षति भएको विषयमा मध्यरातमा नै जानकारी आयो। तर राससको समाचार सेवा बन्द भइसकेकाले समाचार दिन सकेनौँ। यदि त्यसबेला राससको सेवा २४ घण्टा भएको भए राति समाचार गइसक्थ्यो। बिहान ६ बजे कुर्न पर्दैनथ्यो। त्यो बेला, राससले ४ बजेपछि सम्पादकहरूलाई झिकाएर समाचार 'अपडेट' गर्ने काम गरिएको थियो। रिपोर्टरहरूलाई झिसमिसेमै क्यामरा बोकाएर स्थलगत रिपोर्टिङका लागि खटायौँ तर ढिलो समाचार अपडेट भएको यो घटनाले रासस व्यवस्थापनलाई नमीठो बनायो।

हरेक वर्ष बाढीपहिरो र सवारी दुर्घटना जस्ता प्राकृतिक विपत्तिका घटनामा रासस पछि परिरहेको अवस्था हो। यस्ता घटनामा विश्वभरिबाट नेपाली मिडियामा चासो बढिरहेको हुन्छ। तर सेवा बन्द भएकाले समयमै समाचार सम्प्रेषण गर्न नसकिएको तीतो यथार्थ र अनुभूति रासस व्यवस्थापन र समाचार सेवामा रहेको छ। त्यस्तै ढिला गरी हुने राजनीतिक सहमति र विशिष्ट व्यक्तिहरूको विदेश भ्रमण र कार्यक्रमका समाचार समेत २४ घण्टा सेवा नभएकै कारणले दिन सकेका थिएनौँ। कुनै घटना र सन्दर्भ विशेषमा मध्यरातमा समाचार छपाउने व्यवस्था गरिदिनु पर्‍यो भन्ने अनुरोधलाई पूरा गर्न नपाएको दर्जनौँ सम्झना रासस व्यवस्थापनसँग रहेको छ। विसं २०८० मा नै संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको निधन, राप्ती नदीको पुलमा बस दुर्घटनालगायत केही घटनाहरूको 'कभरेज' गर्ने प्रयास गरे पनि त्यो तत्कालै हुन सकेको थिएन। यही कारण राससको व्यवस्थापनलाई २४ घण्टा सेवा सञ्चालन गर्नुपर्छ भनेर निरन्तर प्रयास गरेका हौँ।

रासससँग तत्काल सेवा सुरु गर्न हामीसँग कुनै स्रोत साधन थिएन र सक्ने अवस्था पनि थिएन र सञ्चालन गर्न सकेनौँ तर रासस व्यवस्थापनले हार मानेन। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग हुने प्रत्येक बैठकमा २४ घण्टा सेवाका विषयमा कुरा राख्दै गर्‍यौँ। मन्त्रालयका सबै तहतप्काका राजनीतिक नेतृत्व र कर्मचारी नेतृत्वसँग धेरै पटक औपचारिक र अनौपचारिक छलफल भए। छलफल सकारात्मक बन्दै गयो र अन्ततः हाम्रो प्रयास सफल भयो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आव २०८१/८२ को बजेटमा २४ घण्टा सेवा सञ्चालनका लागि रु २५ लाख बजेट विनियोजन गरिदियो। यही बजेटबाट सेवा प्रारम्भ भएको छ। भदौ ११ गतेदेखि नै परीक्षणका रूपमा सेवा सुरुआत भएको सेवा सोमबार भदौं १७ गतेदेखि औपचारिक रूपमा सञ्चालनमा भएको छ।

रासस स्थापना भएको ६३ वर्ष पुगेको छ। सगरमाथा संवाद समिति र नेपाल संवाद समितिलाई गाभेर २०१८ सालमा स्थापना भएको राष्ट्रिय संवाद समिति नै आजको राष्ट्रिय समाचार समिति (रासस) हो। काठमाडौँको नयाँसडकको एउटा कोठाबाट सुरु भएको रासस अहिले सुविधासम्पन्न बन्दै गएको छ। यस अवधिमा राससले अनेकौँ कालखण्डलाई भोग्दै र त्यसैमा अनुकूलित हुँदै आएको यथार्थलाई भुल्न सकिँदैन। राज्यको आधिकारिक समाचार एजेन्सी भएकाले हरेक दिन सत्यतथ्य र विश्वासिलो समाचार सम्प्रेषण गर्नु राससको प्रमुख दायित्व हो। यो दायित्वलाई सीमित जनशक्तिको सहयोगमा बलबुताले भ्याएसम्म पूरा गरिरहेको छौँ भन्ने हाम्रो विश्वास रहेको छ। विसं २०४९ मा नेपाली, अङ्ग्रेजी, अन्तर्राष्ट्रिय समाचार सेवा, तत्कालीन अवस्थामा १४ वटा अञ्चल कार्यालय र सामान्य प्रशासनको लागि कार्यालय सहयोगी र सवारी चालकसहित स्वीकृत भएको एक सय ६५ वटा कर्मचारी दरबन्दीबाट सेवा सञ्चालन गर्न आफैँमा कठिन रहेको छ तर पनि हामी सेवा क्षेत्र विस्तार गर्न निरन्तर क्रियाशील छौँ।

थोरै जनशक्ति रहे पनि राससले २०५६ सालदेखि आलेख सेवा २०६४ सालदेखि तस्बिर सेवा, २०६८ सालदेखि रेडियोहरूका लागि अडियो सेवा र २०७९ सालदेखि भिडियो सेवा सुरुआत गरेको छ। भिडियो सेवा सञ्चालनका लागिबाहेक सम्पूर्ण सेवामा राससमा रहेको पुरानो दरबन्दीमा रहेका कर्मचारीहरूलाई तालिम र क्षमता विकास गराएर सेवा सञ्चालन गर्दै आएको यथार्थ रहेको छ। विसं २०८० माघदेखि सञ्चालन गरेको मातृभाषा समाचार सेवा र सोमबार भदौ १७ गतेदेखि औपचारिक रूपमा सुरुआत गरेको २४ घण्टा समाचार सेवाका लागि भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सहयोग गरेको छ।

मन्त्रालयको यही सहयोगका कारण आज राससलाई चौबिसै घण्टा समाचार सेवा दिने संस्थाका रूपमा स्थापित गर्न सफल भएका छौँ। राससले आफ्ना सेवाग्राहीको मागलाई सम्बोधन गर्न, आफ्ना सेवाको थप विस्तार र विविधीकरण गर्न नेपाली समाचार सेवालाई चौबिसै घण्टा सञ्चालन गरेको हो। मौजुदा जनशक्तिलाई उत्प्रेरित र परिचालन गरेर यो सेवा थलानी भएको छ। भविष्यमा रासस को मौजुदा दरबन्दी वृद्धि गरी जनशक्ति व्यवस्थापन गर्न मन्त्रालयको आवश्यक सहयोगको अपेक्षा छ। हाल दैनिक १७ घण्टा सेवा सञ्चालन गर्दै आएको रासस को २४ घण्टा समाचार सेवाले अन्तर्राष्ट्रिय समाचार एजेन्सीको हाराहारीमा रासस उभ्याउन प्रयास भएको छ। यो दिन रासस को इतिहासमा एक कालजयी दिनका रूपमा रहने छ। राससमा एउटा गर्विलो इतिहास निर्माण भएको दिनका रूपमा युगौँयुगसम्म स्मरण रहने छ।

अब नेपाली समाचार सेवा र आमसञ्चारमाध्यममा समाचारको 'डेडलाइन' समाप्त भएको हामीलाई लागेको छ। चौबिसै घण्टा समाचार सेवाले अब नेपाली समाचार संस्थाहरूको पनि पहिलेजस्तो समाचार सम्प्रेषणमा 'डेडलाइन' तोकेर काम गर्नुपर्ने अवस्था अन्त्य हुनेछ भन्ने विश्वास हो। साँच्चै भन्ने हो भने चौबिसै घण्टा समाचार सेवाले समाचारको डेडलाइन अब हुँदैन भन्ने मान्यतालाई स्थापित गर्नेछ। त्यसैले यो दिन नेपाली पत्रकारिताको इतिहासमा पनि युगान्तकारी परिवर्तनको दिन हुनेछ। नेपाली पत्रकारिताको इतिहासमा रासस को २४ घण्टा समाचार सेवा कोसेढुङ्गा साबित हुनेछ। लोकतन्त्रको सुदृढीकरणका लागि सत्यतथ्य र सही सूचनाको निरन्तर सम्प्रेषण गर्दै आएको राससले राष्ट्र र नागरिकप्रतिको उत्तरदायित्व निर्वाह गरिरहेको छ। हामीले अहिले गरिरहेको काम र प्रयत्नले ती कुरालाई समेट्ने प्रयास गरेका छौँ।

आज राससले सुरुआत गरेको चौबिसै घण्टा समाचार सेवाले विश्वभर फैलिएका समाचारका पाठक/दर्शक मात्र होइन, नेपाली भाषाका सञ्चारमाध्यमलाई सहयोग पुगेको छ भन्ने विश्वास लिएका छौँ। सूचना प्रविधिको विकासले विश्व धेरै सञ्चार संस्थाको सेवा धेरै पहिलेदेखि २४ घण्टामा गइसकेको छ। नागरिकको व्यस्त जीवनशैलीको कारण समाचारका लागि निश्चित समय कुर्नपर्ने अवस्था हट्दै गएको छ। रासस को यो सेवाले आमसेवाग्राही सञ्चारमाध्यमसँगै आमनागरिकको सूचना र समाचारको पहुँच वृद्धि हुनेछ। सूचना र समाचार प्राप्त गर्ने अधिकारको रक्षा गर्नेछ भन्ने हामी लागेको छ। यो सेवालाई प्रभावकारी बनाउन सञ्चारमाध्यम र आमपाठकबाट सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेका छौँ। प्राप्त सुझावका आधारमा सेवालाई थप परिष्कृत गर्दै अझ चुस्त र प्रभावकारी बनाउन हाम्रो प्रतिबद्धता रहेको छ। आगमी दिनमा रासस को अङ्ग्रेजी, अन्तर्राष्ट्रिय, तस्बिर, श्रव्यदृश्य समाचार सेवालाई पनि २४ घण्टा सञ्चालन गर्ने तयारी रहेको छ। यसका लागि आवश्यक आर्थिक र जनशक्ति व्यवस्थापनको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहयोग आवश्यक रहेको छ।

रासस राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण र प्रचारप्रचार गरी सरकारको मुख्य प्रचार साझेदार हो। हिजो थोरै मिडियाका लागि मात्र अति आवश्यक रासस आज आएर सबै मिडियाका लागि अपरिहार्य जस्तै बनेको छ। जब मुलुकमा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तन र सङ्कट आउँछ, त्यतिबेला रासस को महत्व उचाइमा पुग्ने गरेको छ। यतिबेला नेपालका मिडियामा आर्थिक सङ्कटबाट गुज्रिरहेको छ। त्यसैले रासस मुख्य सहयोगीका रूपमा उभिएको छ र सधैँ उभिइरहने छ। *(लेखक राससका महाप्रबन्धक हुनुहुन्छ)*

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सप्तरी**

# अपदस्थ बंगलादेशी नेता भारतका लागि कूटनीतिक टाउको दुखाइ

नयाँदिल्ली, १७ भदौ (रासस/एएफपी) ।

विद्यार्थीहरूको नेतृत्वको क्रान्तिका क्रममा हेलिकप्टरमा चढेर बङ्गलादेशबाट भागेको चार सातापछि पूर्वप्रधानमन्त्री शेख हसिना आफ्नो आतिथ्यताका लागि भारतमा कूटनीतिक टाउको दुखाइ बन्नुभएको विश्लेषकहरूले बताएका छन् ।

अधिकारहरूको हनन र विपक्षीमाथि कारबाहीको १५ वर्षपछि प्रदर्शनकारीहरू ढाकामा उहाँको निवासतर्फ अगाडि बढेपछि हसिनाको कठोर कार्यकाल गत महिना समाप्त भएको थियो ।

विद्रोहको नेतृत्व गर्ने बङ्गलादेशी विद्यार्थीहरूले विद्रोहका क्रममा प्रदर्शनकारीहरूको हत्याका लागि उहाँमाथि मुद्दा चलाउन उहाँको सबैभन्दा ठूलो सहयोगी भारतबाट फर्काउन माग गरिरहेका छन् ।

यद्यपि ७६ वर्षीया हसिनालाई फिर्ता पठाउँदा दक्षिण एसियामा आफ्ना अन्य छिमेकीहरूसँग भारतको └ अवस्था कमजोर बनाउने जोखिम छ ।

“भारत स्पष्ट रूपमा उहाँलाई बङ्गलादेशमा सुपुर्दगी गर्न चाहँदैन”, द्वन्द्व समाधान थिङ्क-ट्याङ्क इन्टरनेसनल क्राइसिस ग्रुपका थोमस किनले भन्नुभयो, “दिल्लीको नजिक रहेका यस क्षेत्रका अन्य नेताहरूलाई पठाउने सन्देश धेरै सकारात्मक हुँदैन, ताकि भारतले तपाईंको रक्षा गर्दैन ।”

**राम्रो सम्बन्ध आवश्यक**

नयाँदिल्लीले गत वर्ष माल्दिभ्समा आफ्नो मनपर्ने राष्ट्रपति पदका उम्मेदवारले प्रतिद्वन्द्वीसँग हारेको देखेको छ । हसिनाको पतनबाट भारतले यस क्षेत्रमा आफ्नो सबैभन्दा नजिकको सहयोगी गुमाएको छ ।

हसिनाको शासनमा पीडित बङ्गलादेशीहरू उहाँको सरकारद्वारा भएका दुर्व्यवहारका लागि खुलारूपमा भारतप्रति शत्रुतापूर्ण छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ८४ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा हसिनाको स्थान लिने सरकारलाई समर्थन दिने वाचा गर्नुभएको छ । यद्यपि उहाँले युनुसको प्रशासनसँग बङ्गलादेशका हिन्दू धार्मिक अल्पसङ्ख्यकहरूको रक्षा गर्न आग्रह गर्नुभएको छ ।

हसिनाको अवामी लिगलाई बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) को तुलनामा बङ्गलादेशका हिन्दू अल्पसङ्ख्यकहरूका लागि अधिक सुरक्षात्मक मानिन्छ ।

मोदीले १७औं शताब्दीको लालकिल्ला माथिबाट आफ्नो वार्षिक स्वतन्त्रता दिवसको सम्बोधनको प्रयोग गरी बङ्गलादेशी हिन्दूहरू खतरामा रहेको बताउनुभयो र पछि यो मामिलालाई अमेरिकी राष्ट्रपति जो बाइडेनसमक्ष उठाउनुभयो ।

हसिनाको पलायनपछि भएका अराजकतामा केही बङ्गलादेशी हिन्दू र हिन्दू मन्दिरहरूलाई निशाना बनाइयो र यसको विद्यार्थी नेता र अन्तरिम सरकारले निन्दा गरे ।

तर पछि सरकार समर्थक भारतीय समाचार च्यानलहरूले हिंसाको अतिरञ्जित विवरणहरू पेस गरेपछि मोदीको भारतीय जनता पार्टी (भाजपा) सँग जोडिएका हिन्दू कार्यकर्ता└ समूहहरूले विरोध प्रदर्शन सुरु गरे ।

बिएनपीका शीर्ष नेता फखरुल इस्लाम आलमगिरले भारतले हसिनालाई समर्थन गरेर ‘आफ्नो सम्पूर्ण फल एउटै टोकरीमा राखेको’ र यसलाई कसरी उल्टाउने उसलाई थाहा नभएको बताउनुभयो ।

हसिनाको कार्यकालमा गिरफ्तार गरिएका हजारौं बिएनपी सदस्यमध्येका एक आलमगिरले भन्नुभयो, “बङ्गलादेशीहरू भारतसँग राम्रो सम्बन्ध चाहन्छन् तर आफ्नो स्वार्थको मूल्यमा होइन, दुर्भाग्यवश भारतको रवैया आत्मविश्वास पैदा गर्न अनुकूल छैन ।”

**तानाशाहलाई आश्रय**

अविश्वासको वातावरण कतिसम्म भयो भने अगस्टमा दुवै मुलुकमा विनाशकारी बाढी आउँदा केही बङ्गलादेशीले बाढीबाट भएका मृत्युहरूका लागि भारतलाई दोषी ठहऱ्याए ।

बङ्गलादेशको अन्तरिम सरकारले सार्वजनिक रूपमा नयाँदिल्लीसँग हसिनाले भारतमा शरण लिएको मुद्दालाई उठाएको छैन । हसिनाको अन्तिम आधिकारिक ठेगाना राजधानी नजिकै एक सैन्य विमानस्थल हो तर ढाकाले उहाँको कूटनीतिक राहदानी रद्द गरेको छ । यसले उहाँलाई अगाडिको भ्रमण गर्नबाट रोकेको छ ।

दुवै मुलुकबीच सन् २०१३ मा हस्ताक्षर गरिएको द्विपक्षीय प्रत्यर्पण सन्धि छ । सन्धिले आपराधिक मुद्दाको सामना गर्न फर्कन अनुमति दिन्छ । यद्यपि सन्धिको एक खण्डमा अपराध ‘राजनीतिक चरित्र’ को भए प्रत्यर्पण गर्न अस्वीकार गर्न सकिने व्यवस्था छ ।

बङ्गलादेशमा भारतका पूर्वराजदूत पिनाक रञ्जन चक्रवर्तीका अनुसार ढाकाका लागि द्विपक्षीय सम्बन्ध यति महत्त्वपूर्ण छ कि हसिनाको फिर्ताका लागि दबाब दिएर सम्बन्धमा तिक्तता उत्पन्न हुनसक्छ ।

“कुनै पनि परिपक्व सरकारले हसिनालाई भारतमा रहनुलाई मुद्दा बनाएर उनीहरूलाई कुनै फाइदा हुनेछैन भन्ने महसुस गर्नेछ”, उहाँले भन्नुभयो ।

# भैरहवामा नयाँ पेट्रोलियम भण्डारणका लागि जग्गा व्यवस्थापनको काम अन्तिममा चरणमा

भैरहवा, १७ भदौ (रासस) ।

रुपन्देहीको भैरहवामा नयाँ पेट्रोलियम भण्डारण गृह निर्माणका लागि जग्गा व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ । नेपाल आयल निगमले रुपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकाको सीमा क्षेत्रस्थित रोहिणी खोला किनारमा करिब १४ बिघा जग्गामा लुम्बिनी प्रदेशस्तरीय इन्धन भण्डारण डिपो निर्माणको तयारी गरिरहेको छ ।

पहिलो चरणमा जग्गा व्यवस्थापन र दोस्रो चरणमा भण्डारण ट्याङ्क निर्माण गरिने परियोजना संयोजक इन्जिनियर प्रदीप यादवले जानकारी दिनुभयो । पहिलो चरणअन्तर्गत जग्गाको पश्चिमी र उत्तरी क्षेत्रमा रोहिणी खोलामा आउने बाढीबाट हुनसक्ने क्षति रोक्न ‘ग्याबिन’ र ‘रिटेनिङ’ पर्खाल लगाउने काम ८० प्रतिशत सम्पन्न भएका छन् ।

निगमले तीनवटा ठेकेदारमार्फत गत जेठ १८ गतेदेखि भण्डारण गृहको जग्गा व्यवस्थापनका काम गरिरहेको छ । भण्डारण गृह निर्माणस्थलमा पर्खाल लगाउने र जमिन सम्याउने कार्य गत असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य राखिए पनि लगातारको वर्षा र रोहिणी खोलमा आएको बाढीले केही समय ढिला भएको निगमको भनाइ छ ।

“बर्खायाममा रोहिणी खोलामा पानीको सतह बढेको तथा ढुङ्गाको सहज उपलब्धता नहुँदा पहिलो प्याकेजमा केही ढिलाइ भएको हो”, साइट इन्जिनियर अङ्कित रिमालले भन्नुभयो, “अन्य प्याकेजका काम अन्तिम चरणमा छन्, अबको एक महिनाभित्र पहिलो चरणका सबै काम सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ ।”

रोहिणी खोलाको समानान्तर छ मिटर अग्लो छ सय २० मिटर ग्याबिन र जग्गाको उत्तरतर्फ चार दशमलव दुई मिटर अग्लो एक सय ५० मिटर लामो रिटेनिङ पर्खाल लगाइएको छ । भण्डारणस्थल प्रस्तावित जग्गालाई रोहिणी खोलामा आउने बाढीबाट सुरक्षित बनाउन परियोजनास्थलभन्दा माथि करिब एक सय ८० मिटर अर्को ग्याबिन पर्खालसमेत लगाइएको छ । रोहिणी खोलामा पछिल्लो ५० वर्षमा आएको बाढीको अवस्थालाई आकलन गरेर तटबन्ध निर्माण गरिएको निगमले जनाएको छ ।

ग्याबिन पर्खालका लागि छ र जग्गा पुर्नका लागि एक गरी सात वटा प्याकेजमा विभाजन गरेर ठेक्का लगाइएको थियो । सात वटा प्याकेज आठ करोडमा ठेक्का लागेको थियो । प्याकेज नं ७ अन्तर्गत जग्गा पुर्ने तथा सम्याउने कार्य लगभग सम्पन्न भएको छ ।

प्याकेज नं ४, ५ र ६ मा ग्याबिन पर्खाल लगाउने काम सम्पन्न भइसकेका छन् । प्याजेक नं ३ अन्तर्गत करिब ७० प्रतिशत काम सकिएको छ । काठमाडौँस्थित शुभश्री सर्वश्री जेभीले पहिलो र दोस्रो, वीरगञ्जस्थित उज्यालो निर्माण सेवाले तेस्रो तथा प्रिजन कन्ट्रक्सनले बाँकी चार वटा प्याकेजमा काम गरिरहेको छ ।

अबको एक महिनाभित्र जग्गाको सुरक्षाका लागि पर्खाल लगाउने र सम्याउने काम सम्पन्न गरी ‘कम्पाउण्ड’ निर्माणको काम थालिने इन्जिनियर रिमालको भनाइ छ ।

रुपन्देहीको भलबारी डिपोको भण्डारण क्षमता न्यून तथा घनाबस्ती नजिक रहेकाले परासी-भैरहवा सडक खण्डमा खरिद गरिएको करिब १४ बिघा जग्गामा नयाँ भण्डारण गृह निर्माण गर्न लागिएको निगमले जनाएको छ । उक्त भण्डारण निर्माण भएसँगै लुम्बिनी प्रदेशका लागि पेट्रोलियम पदार्थको आपूर्तिमा सहज हुने अपेक्षा गरिएको छ । सो भण्डारणले लुम्बिनी प्रदेशको २० दिनको माग धान्नेछ ।

निगमले पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि देशका विभिन्न स्थानमा नयाँ भण्डारण गृह निर्माण तथा क्षमता विस्तार गर्दै आइरहेको छ । रोहिणी क्षेत्रमा करिब रु तीन अर्ब लागतमा नयाँ भण्डारण गृह निर्माण गरिने परियोजना संयोजक यादवले जानकारी दिनुभयो । सो स्थानमा डिजेल भण्डारणका लागि २१०० किलोलिटर तीन, पेट्रोल भण्डारणका लागि १६०० किलोलिटर दुई र मट्टितेल भण्डारणका लागि ७० किलोलिटरका तीन वटा ट्याङ्क निर्माण गरिनेछ ।

भण्डारण निर्माण भएसँगै हालको भलबारी डिपो रोहिणी खोला किनारमा सर्नेछ । असोजभित्र परियोजनाको डिजाइन सम्पन्न हुने निगमले जनाएको छ । परियोजनाको डिजाइन काठमाडौँ विश्वविद्यालयले गरिरहेको छ । आगामी मङ्सिरमा भण्डारण गृह निर्माणको शिलान्यास गर्ने र विसं २०८३ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

## विश्व समाचार

### बंगलादेशमा बाढीले ५९ जनाको मृत्यु, हजारौं घरबारविहीन

ढाका १७ भदौ (रासस/एएनआई) ।

बङ्गलादेशमा बाढीका कारण ११ प्रभावित जिल्लामा कम्तीमा ५९ जनाको मृत्यु हुनुका साथै ५३ लाखभन्दा बढी मानिस प्रभावित भएको द डेली स्टारले जनाएको छ ।

द डेली स्टारका अनुसार कम आय भएका किसानहरूले बाली नालीका साथै बाढीका कारण घरलगायत जीविकोपार्जनको आधारसमेत गुमाएका छन् ।

बाढीले आफ्नो माटोको घर बगाएपछि बस्ने ठाउँ नभएकाले छिमेकीकोमा शरण लिनुपरेको मौलवीबाजारको कुलौरा उपजिल्लाको मिरपारा गाउँकी ६५ वर्षीया तबाह नुरुन बेगमले बताउनुभयो

वर्षापछिको बाढीले मनु नदीको किनारमा तटबन्ध भत्किँदा घर पानीमा डुबेकाले हाल बाढीको पानी घटे पनि क्षतिग्रस्त घर फर्कन नसकेको सोही गाउँका अटोरिक्शा चालक सुजान मियाले बताउनुभयो ।

मिरपाराका बासिन्दा जमशेद अलीले एक मात्र आम्दानीको स्रोत तरकारी बगैँचा बगाएकाले परिवार कसरी बचाउने भन्ने चिन्ता भएको उल्लेख गर्नुभयो ।

मौलवीबाजार जिल्ला राहत तथा पुनर्वास अधिकारी मोहम्मद सादु मियाका अनुसार जिल्लामा हालै आएको बाढीबाट करिब आठ हजार सात सय ८६ घर क्षतिग्रस्त भएका छन् ।

उहाँले बाढी पीडितको पुनःस्थापनाको माग गर्दै सम्बन्धित उच्च अधिकारीहरूलाई पत्र पठाएको बताउनुभयो ।

बाढीले घर तथा घरका सबै फर्निचरहरू बगाएकाले मर्मतका लागि पैसा नभएकाले आफ्नो परिवारले आफन्तकोमा शरण लिएको बुरिचाङ उपजिल्लाको मोहिस्मारा गाउँका बासिन्दा एमए आजिमले बताउनुभयो

बुरिचाङ उपजिल्लाकी निर्बाही अधिकारी (युएनओ) शाहिदा अख्तरले यस क्षेत्रमा करिब ४० हजार घर क्षतिग्रस्त भएको जानकारी दिनुभयो ।

आइतबार प्रकाशित सरकारी प्रतिवेदनअनुसार बाढीको अवस्था विस्तारै सुधार हुँदै गए पनि सात लाखभन्दा बढी परिवार अझै पनि देशभरि बाढीका कारण विस्थापित छन् ।

चट्टोग्राम, फेनी, खागड़ाचारी, हबिगञ्ज, सिलहट, ब्राह्मणबरिया र कक्स बजारलगायतका जिल्लामा बाढी कम भएको विपद् व्यवस्थापन तथा राहत मन्त्रालयको प्रतिवेदनले जनाएको छ ।

यसैबीच मौलवीबाजारमा बाढीको अवस्था सुधार भएको र कुमिला, नोआखली र लक्ष्मीपुरमा स्थिति विस्तारै सुधार भइरहेको विज्ञप्तिमा उल्लेख छ ।

प्रतिवेदनमा अनुसार हाल सात लाख पाँचहजार ५२ परिवार अझै पनि डुबानमा परेको प्रतिवेदनमा जनाइएको छ ।

बाढी पूर्वानुमान तथा चेतावनी केन्द्रले आइतबार एक बुलेटिनमा अधिकांश प्रमुख नदीहरूका वहाव घट्दो क्रममा भएकाले देशभरि बाढीको स्थितिमा सुधार आउने सम्भावना रहेको जनाएको छ ।

### मणिपुरमा भारतीय विद्रोहीद्वारा घातक ड्रोन आक्रमण

नयाँदिल्ली, १७ भदौ (रासस/एएफपी) ।

भारतको मणिपुर राज्यमा विद्रोहीहरूले ड्रोनमार्फत सुरक्षा बलहरूमाथि घातक आक्रमण गरेका छन् । यसलाई प्रहरीले अशान्त उत्तरपूर्वी क्षेत्रमा हिंसामा ‘महत्त्वपूर्ण वृद्धि’ भनेको छ ।

आइतबार विद्रोहीहरूले गरेको ‘अभूतपूर्व आक्रमण’ मा ३१ वर्षीया महिलाको मृत्यु र छ जना घाइते भएको प्रहरीले बताएको छ । विद्रोहीहरूले ड्रोन प्रयोग गरी रकेटबाट चल्ने ग्रेनेड प्रहार गरेका थिए ।

सन् २०२३ मा मणिपुरमा मुख्य रूपमा हिन्दू मैतेई बहुसङ्ख्यक र मुख्य रूपमा ईसाई कुकी समुदायबीच द्वन्द्व सुरु भएको थियो । उक्त जातीय द्वन्द्वमा कम्तीमा दुई सय जनाको मृत्यु भएको थियो ।

प्रतिद्वन्द्वी मिलिसियाले युद्धग्रस्त म्यान्माको सीमासँग जोडिएको राज्य मणिपुरका केही भागमा नाकाबन्दी गरेका छन् ।

दुवै समूहबीच लामो समयदेखिको तनाव भूमि र सार्वजनिक जागिरहरूका लागि प्रतिस्पर्धाको वरिपरि घुमेको छ । अधिकार कार्यकर्ताहरूले स्थानीय नेताहरूमाथि राजनीतिक लाभ हासिल गर्नका लागि जातीय विभाजनलाई बढाएको आरोप लगाएका छन् ।

“सामान्यतया ड्रोन बमहरूको प्रयोग सामान्य युद्धमा प्रयोग गरिन्छ तर सुरक्षा बल र सर्वसाधारणविरुद्ध विस्फोटक पदार्थहरू तैनाथ गर्नका लागि ड्रोनको यो हालैको तैनाथीले महत्त्वपूर्ण वृद्धिको सङ्केत गर्दछ”, मणिपुर प्रहरीले आइतबार विज्ञप्तिमा भनेको छ ।

राज्यको राजधानी इम्फालबाहिरको आक्रमण ‘कथित कुकी’ विद्रोहीहरूले गरेको विज्ञप्तिमा उल्लेख छ । घाइते हुनेमा मृत्यु हुने महिलाकी आठ वर्षीया छोरीका साथै तीन सर्वसाधारण र दुई प्रहरी अधिकारी रहेका छन् ।

“सम्भवतः प्राविधिक विशेषज्ञता र सहयोगका साथ उच्च प्रशिक्षित पेशेवरहरूको सहभागितालाई अस्वीकार गर्न सकिँदैन”, प्रहरीले भनेको छ ।

# गैरसंवैधानिक नियमावली खारेजको माग गर्दै कानुन व्यवसायीद्वारा धर्ना




**दैनिक समाचारदाता राजविराज, १७ भदौ ।**
गैरसंवैधानिक नियमावली खारेजको माग गर्दै सोमबार देशभरका अदालत परिसरमा कानुन व्यवसायीहरुले एक घण्टा धर्ना दिएका छन् ।

न्याय परिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) प्रति आफ्नो असहमति जनाउँदै सोलाई अविलम्ब खारेज गर्न माग गर्दै सो धर्ना दिइएको हो ।

सप्तरी जिल्ला अदालत बार एकाई राजविराज र उच्च अदालत बार एशोसिएशन राजविराजका कानुन व्यवसायीहरुले न्याय परिषद् नियमावलीमा भएको गैरसंवैधानिक र गैरन्यायिक संशोधन तत्काल खारेज, गैरसंवैधानिक संशोधित नियमावली बमोजिम न्यायाधीश नियुक्ती नगर र न्यायालयमा व्याप्त भ्रष्टाचार, विकृती, बिसंगति अन्त्य गरी न्यायिक स्वच्छता कायम गर्न माग गर्दै दुबै अदालत अगाडी एक घण्टा धर्ना दिएका छन् ।

नेपाल बार एशोसिएशनको सुर्खेतमा सम्पन्न वार्षिक साधारण सभा तथा चितवनमा सम्पन्न केन्द्रिय कार्यकारिणी परिषद्को बैठक र काठमाडौंमा सम्पन्न १६ औं अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलन २०८१ बाट समेत सो संशोधन गैरसवैधानिक घोषणा गरी नेपालका प्रधान न्यायाधीश र प्रधानमन्त्रीलाई समेत ध्यानाकर्षण गरासकेपनि सरोकारवाला निकायसँग परामर्श नै नगरि एक पक्षिय ढंगले गरिएको न्याय परिषद् नियमावली संशोधनले संविधानको धारा १४१ (३) को आत्मा नै मर्न गएको र कानुनको सिद्धान्त विपरीत रहेको नेपाल बार एशोसिएशनको ठम्याइ रहेको छ ।

सो नियमावली खारेज नभएसम्म धर्ना कार्यक्रमलाई प्रत्येक दिन निरन्तरता दिने जिल्ला बार एशोसिएशनका पूर्वअध्यक्ष अधिवक्ता डोमन साहले जानकारी दिए ।

# खडक पुलमा डरलाग्दा खाल्डाखुल्डीः सडक दुर्घटनाको जोखिम

गोलबजार, १७ भदौ (रासस) ।
हुलाकी सडकअन्तर्गत सप्तरीको बोदेबरसाइन नगरपालिका-५ जाँजर क्षेत्रमा रहेको खडक पुलमा खाल्डाखुल्डी हुँदा सडक दुर्घटनाको जोखिम बढेको छ । पुलको ढलान उप्किएर ठूल्ठूला खाल्डा बनेका छन् । हुलाकी सडकको पक्की सडकबाटोमा तीव्र गतिमा आउने गाडीहरू अचानक पुलको खाल्डामा परी दुर्घटना हुने गरेको स्थानीय ब्रजेशकुमार यादवले बताउनुभयो ।



पुलमा खाल्डा परेपछि सवारीसाधन जोगाएर चलाउनै मुस्किल भएको टेम्पु चालक रामध्यानी यादवले बताउनुभयो । तीव्र गतिमा गुडाइने मोटरसाइकललगायत अन्य सवारी खाल्डोमा परेर दुर्घटना हुने गरेको यादवको गुनासो छ । पूर्व-पश्चिम राजमार्ग निर्माणाधीन रहेकाले चालकले हुलाकी सडक रोज्ने गर्छन् तर खाल्डाखुल्डीका कारण मोटरसाइकल, टेम्पु, जिप, कारलगायत साना सवारी दुर्घटनामा पर्ने क्रम बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख प्रहरी निरीक्षक मदनी साहकानुसार तीव्र गतिमा गुडाइने मोटरसाइकललगायत अन्य सवारी खाल्डोमा परेर दुर्घटना हुने भएकाले सतर्कता अपनाउन आग्रग गर्ने गरिएको बताउनुभयो । खडक पुलमा दुर्घटना रोक्न अस्थायी ट्राफिक प्रहरी पोष्ट बोदेबरसाइनलाई परिचालन गरी ट्राफिक सचेतना कार्यक्रम गर्दै आइएको उहाँले जानकारी दिनुभयो ।

खाल्डा पुर्ने नियामक निकाय हुलाकी सडक योजना कार्यालय इटहरीले चासो नदिँदा विगत एक वर्षदेखि जोखिम मोलेर यात्रा गर्नुपरेको स्थानीय रामप्रसाद चौधरीको गुनासो छ । पटकपटक सरोकार भएकाहरूको ध्यानाकर्षण गरिए पनि समस्या समाधान नभएको उहाँले बताउनुभयो ।

हुलाकी सडक योजना कार्यालय इटहरीका इन्जिनियर समपतलाल दासले पुल मर्मतका लागि छुट्टै बजेट नभएकाले समस्या समाधान गर्न नसकिएको बताउनुभयो । उहाँले स्रोत व्यवस्थापनका लागि पहल भइरहेकाले चाँडै पुल मर्मत गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो । खडक पुल रु ११ करोड ७३ लाख ९३ हजार (भ्याटसहित) मा इलाइट/सूर्या जेभीले विसं २०७९ असोज २७ गते पुल निर्माण सम्पन्न गरेको थियो । छोटो समयमै पुलमा खाल्डा परेपछि गुणस्तरीय काम नगरिएको भन्दै विरोध गरिरहेका छन् ।

स्थानीय विद्यानारायण यादवले हुलाकी गुणस्तरीय कार्य गराउन नसक्दा पुलमा खाल्डाखुल्डी पर्न थालेको आरोप लगाउनुहुँदै तत्काल मर्मत गर्न सरोकार भएका निकायलाई आग्रह गर्नुभयो । “यति चाँडै समस्या कसरी आयो भनेर आवश्यक छानबिन गरी हुलाकी सडक आयोजनाले तत्काल मर्मतका काम अगाडि बढाउनुपर्छ”, उहाँले भन्नुभयो ।

# वीरगञ्ज नाकाबाट मोटरसाइकल आयात दोब्बर

पर्सा, १७ भदौ (रासस) ।
देशकै प्रमुख व्यापारिक नाका वीरगञ्जबाट मोटरसाइकल अयातामा उलेख्य वृद्धि भएको छ । सो नाका प्रयोग गरी जिप र कारको आयातमा भने कमी आएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ को साउनको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा जिप र कारको आयातमा ४० प्रतिशतले कमी आएको छ । सो अवधिमा मोटरसाइकलको आयात शत् प्रतिशतले बढेको छ ।

गत आर्थिक वर्षको साउन महिनामा वीरगञ्ज नाकाबाट रु ४६ करोड ७७ लाखका तीन हजार पाँच सय ७१ थान मोटरसाइकल आयात भएको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी राघुलाल कर्णले जानकारी दिनुभयो । चालु आवको साउनमा भने रु ९४ करोड ४८ लाखका सात हजार एक सय ५० थान मोटरसाइकल आयात भएका थिए ।

वीरगञ्ज भन्सार कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको साउन महिनामा रु २० करोड ६० लाखका एक सय २७ थान जिप र कार आयात भएका थिए भने चालु आवको सोही अवधिमा रु १४ करोड ४४ लाखको ७६ थान मात्र जिप र कार आयात गरिएको छ । भारत तथा तेस्रो मुलुकबाट पाटपुर्जा भित्र्याइए नेपालमै पेट्रोलबाट चल्ने मोटरसाइकल एसेम्बल्ड गर्ने आयातकर्तालाई सरकारले राजस्वमा ५० प्रतिशत छुट दिएका कारण आयात वृद्धि भएको सूचना अधिकारी कर्णले बताउनुभयो ।

गत आर्थिक वर्षको साउन महिनामा मोटरसाइकल आयातबाट रु ४४ करोड २१ लाख राजस्व सङ्कलन भएको थियो । चालु आवको सोही अवधिमा भने रु ८८ करोड ६४ लाख राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।

# यातायात कार्यालय वीरगञ्जद्वारा डेढ अर्ब राजस्व संकलन

वीरगञ्ज (पर्सा), १७ भदौ (रासस) ।
यातायात व्यवस्था कार्यालय वीरगञ्जले आर्थिक वर्ष २०८०/८१ मा रु एक अर्ब ५२ करोड ५१ लख ५४ हजार १५ रकम राजस्व सङ्कलन गरेको छ । कार्यालयले आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा रु १७ करोड १९ लाख ७९ हजार एक सय ५१ रकम बढी राजस्व सङ्कलन गरेको हो ।

यातायात व्यवस्था कार्यालय वीरगञ्जका प्रमुख कमलराज गौतमले अघिल्लो आवको तुलनामा गत आवमा राजस्व सङ्कलन उत्साहप्रद रहेको बताउनुभयो । कार्यालयले आव २०७९/८० मा भने रु एक अर्ब ३५ करोड ३१ लाख ७४ हजार आठ सय ६४ रकम राजस्व सङ्कलन गरेको थियो । सो आवमा सवारीतर्फ रु एक अर्ब १९ करोड ४८ लाख १४ हजार आठ सय राजस्व सङ्कलन भएको थियो ।

सवारीचालक अनुमतिपत्रतर्फ भने रु १५ करोड ८३ लाख ६० हजार ६४ रकम राजस्व सङ्कलन भएको थियो । कार्यालयका अनुसार आव २०८०/८१ मा बस, ट्रक, मिनीबस, मिनीट्रक, मेसिनरी औजार गरेर कुल दुई हजार दुई सय २९ सवारीसाधन दर्ता भएका छन् । त्यस्तै सोही अवधिमा कार, जिप भ्यान, माइक्रोबस, एम्बुलेन्ससहितका सवारीसाधन भने छ सय ४५ वटा दर्ता भएका छन् ।

गत आवमा टेम्पो, अटो इ-रिक्सा भने दुई हजार नौ सय ७२ वटा दर्ता भएका छन् । मोटरसाइकल र स्कुटर भने ३९ हजार सात सय ४७ वटा दर्ता भएका छन् । त्यस्तै ट्रयाक्टरलगायत सवारीसाधन भने चार सय १३ वटा दर्ता भएका छन् । गत आवमा सबैखाले नयाँ सवारीसाधन गरेर ३८ हजार चार सय ५६ वटा दर्ता भएका छन् ।


जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*